AMNESTY INTERNATIONAL

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

**प्रेस वक्तव्य**

विश्व प्रेस स्वतन्त्रता दिवस

## सरकारले प्रेस स्वतन्त्रता कायम गर्दै अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक प्रतिबद्धतालाई सुनिश्चित गर्नुपर्दछ

काठमाडौं, (वैशाख १९) -

एम्नेस्टी इन्टरनेसनल नेपाल (एम्नेस्टी नेपाल) नेपाल सरकारलाई कानुन र अभ्यास दुवैमा प्रेस स्वतन्त्रता सुनिश्चित गरेर पत्रकारका लागि उनीहरूको पेशा अभ्यास गर्ने स्वतन्त्र र स्वायत्त वातावरण सुनिश्चित गर्न आग्रह गर्दछ ।

"सरकारले प्रेस स्वतन्त्रता कायम गर्नुपर्दछ र अभिव्यक्तिको स्वतन्त्रताको संवैधानिक प्रत्याभूति विपरित देखिएका कानुनी प्रावधानहरूलाई संशोधन गर्नुपर्दछ," एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियाले भने । "एम्नेस्टी इन्टरनेसनल प्रेस स्वतन्त्रताप्रतिको आफ्नो समर्थनलाई पुनः दोहोर्याउँछ । हाम्रो लागि पत्रकारहरू अधिकार दुर्व्यवहार र उल्लङ्घनका घटनाहरूलाई प्रकाशमा ल्याउने अग्रपंक्तिमा रहेका मानवअधिकार रक्षकहरू हुन् । पत्रकारिता अपराध होइन र पत्रकारलाई आफ्नो कामको शिलशिलामा हिंसाको पात्र बनाइनु हुँदैन । पत्रकारको सुरक्षा र प्रेस स्वतन्त्रता सुनिश्चित गर्नु राज्यको एउटा आधारभूत दायित्त्व हो," थपलियाले भने ।

यस वर्षको २६औं विश्व प्रेस स्वतन्त्रता दिवसका सन्दर्भमा *रिपोर्टर्स विदाउट बोर्डर्स (Reporters Without Borders)* ले अभिलेख गरेको विश्व प्रेस स्वतन्त्रता सुचीअनुसार नेपाल १०० औं स्थानबाट १०६ स्थानमा ओरालो झरेको कठोर वास्तविकतलाई स्मरण गर्नुपर्ने हुन्छ । नेपाल पत्रकार महासङ्घ (महासङ्घ) का अनुसार, सन् १९९६ देखि अहिलेसम्म ३६ जना पत्रकारहरूको हत्या भएको छ भने सन् २००६ मा विद्युतीय कारोबार ऐन लागू भएदेखि दर्जनौं पत्रकार र सम्पादकलाई पक्राउ गर्ने, हिरासतमा राख्ने र जरिवाना तिराउने जस्ता कार्यहरू भएका छन् । महासङ्घले पछिल्लो एक वर्षमा मात्रै ६० वटा प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरू भएको जनाएको छ ।

पछिल्ला केही वर्षहरूमा नेपाल लगायत विभिन्न देशमा प्रेस स्वतन्त्रमाथि अवरोध श्रृजना गर्ने तथा संस्थापन पक्षसँग असहमत आवाजलाई कुण्ठित गर्ने प्रयासस्वरूप कडा नियम र कानुनहरू बनाई लागू गरिएको देखिएको छ । यही बैशाख महिनामा पोखराका पत्रकार अर्जुन गिरीलाई आर्थिक हिनामिनासम्बन्धी घटनाबारे समाचार छापेपछि विद्युतीय कारोबार ऐनअन्तर्गत अभियोग लगाइयो। सन् २०१८ मा धेरै पत्रकारहरूलाई साइबर-अपराधको अभियोगमा पक्राउ गरिएको थियो । गत भदौ महिनामा पत्रकार राजु बस्नेतलाई दृष्टि साप्ताहिकमा छापिएको यस्तै अनियमिततासम्बन्धी एउटा समाचार साभार गरी पुनःप्रकाशन गर्दा समेत यसै ऐनअन्तर्गत पक्राउ गरिएको थियो । सन् २०१८ मा ६ जना पत्रकारलाई पक्राउ गरिएको महासङ्घले जनाएको छ ।

"राज्यले प्रेस स्वतन्त्रतासम्बन्धी आफ्नो संवैधानिक प्रतिज्ञाप्रति अटल आस्था र समर्थन जनाउनुपर्छ र नेपालमा विद्यमान प्रेस स्वतन्त्रताको अँध्यारो अवस्थामा सुधार ल्याउनुपर्छ । संविधानमा लेखिएअनुसारको अभिव्यक्तिको स्वन्त्रतालाई सुनिश्चित गरेर मात्र सरकारले एउटा स्वतन्त्र, निष्पक्ष र वास्तविक लोकतान्त्रिक समाजलाई सुदृढ बनाउन सक्दछ," थपलियाले भने ।

**पृष्ठभूमि**

नेपालको संविधान २०७२ ले "पूर्ण प्रेस स्वतन्त्रता" लगायत नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानवअधिकारका सवालमा फराकिलो प्रतिबद्धता व्यक्त गरेको छ । संविधानको धारा १७ (२) (क) ले नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारलाई प्रत्याभूत गरेको छ । त्यसैगरी, धारा १९ ले "विद्युतीय प्रकाशन, प्रसारण, तथा छापाखाना लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न" प्रतिबन्ध नलगाइने व्यवस्था गरेको छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध लगायत आफू पक्ष राष्ट्र भएको विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले पनि नेपाललाई सबैको अभिव्यक्तिको "सम्मान र सुनिश्चत" गर्न बाध्यकारी बनाएको छ । उक्त अनुबन्धको कार्यान्वयनसम्बन्धी अनुगमन गर्न कार्यादेश प्राप्त संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले आफ्नो सामान्य टिप्पणी नं. ३४ मा “कुनै पनि समाजमा विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गर्न स्वतन्त्र, कुनै पनि खाले नियन्त्रण रहित र निर्बाध प्रेस अपरिहार्य छ ... र स्वतन्त्र प्रेस कुनै पनि प्रजातान्त्रिक समाजको एउटा आधारशिला हो" भनी उल्लेख गरेको छ ।